# काठमाडौं महानगरपालिका

## यँ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

काठमाडौं प्लाजा, कमलादी, काठमाडौं, बागमती प्रदेश, नेपाल


प.सं. ०८१।८२

च.नं. १३

मितिः २०८१।०६।२२

ने.सं. ११४४ कौलाध्व खस्थि

**विषयः सम्पत्ति कर निर्धारण सम्बन्धमा ।**

श्री सबै वडा कार्यालयहरु,

काठमाडौं महानगरपालिका ।

उपरोक्त विषयमा काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०८१ को दफा २ को उपदफा (१) घ अनुसार काठमाडौं महानगरपालिका क्षेत्रभित्रका घरजग्गामा सम्बन्धित मालपोत कार्यालयले तोकेको जग्गाको प्रतिआना मूल्यलाई आधार मानी कर असुली गर्ने निर्णय कार्यन्वयन हुँदै आइरहेको तहाँ वडा कार्यालयलाई विदितै छ । आर्थिक ऐन, २०८१ ले गरेको व्यवस्था बमोजिम सम्पत्ति कर निर्धारण गर्दा विगत वर्षहरुमा तिरेको कर रकममा अनपेक्षित घटी/बढी हुन गइ करदाताहरुबाट गुनासा प्राप्त हुन आएको विषय राजस्व समितिमा पेश भै राजस्व समितिको सिफारिस र काठमाडौं महानगरपालिका, कार्यपालिकाको मिति २०८१/०६/२२ गते बसेको बैठकबाट निम्न बमोजिम निर्णय भएकोले सो निर्णयानुसार कार्यान्वयन गर्नहुन अनुरोध गर्दछु ।

(क) चालू आर्थिक वर्ष २०८१/८२ का लागि सम्पत्ति कर निर्धारण गर्दा जग्गाको मूल्याङ्कन दर सम्वन्धमा ऐनको दफा २ को उपदफा (१) को खण्ड (घ) मा भएको प्रावधान सट्टा काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०८० मा भएको जग्गाको मूल्याङ्कन दरलाई आधार लिने।

(ख) खण्ड (क) बमोजिम गर्दा आर्थिक ऐन, २०८१ बमोजिम सङ्कलन गरिएको सम्पत्ति कर रकम आर्थिक ऐन, २०८० को तुलनामा घटी/बढी हुन आएकाको हकमा २०८१ श्रावण १ गतेदेखि असोज मसान्तसम्म सम्पत्ति कर बुझाउने करदाताहरूको हकमा घटी/बढी भएको रकम आगामी पाँच वर्षभित्र क्रमशः समायोजन गर्ने ।

(दीपक अधिकारी)
विभागीय प्रमुख
राजश्व विभाग

**सादर अवगतार्थः**

श्रीमान प्रमुखज्यू,

श्रीमान उपप्रमुखज्यू,

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

काठमाडौं महानगरपालिका ।

**बोधार्थ तथा कार्यार्थः**

श्री सूचना प्रविधि विभाग, काठमाडौं महानगरपालिकाः- उल्लिखित परिपत्रको सूचना काठमाडौं महानगरपालिकाको वेव साइटमा प्रकाशित गरिदिनुहुन ।


काठमाडौं प्लाजा, कमलादी, काठमाडौं, नेपाल,

E-mail: ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, website: www.kathmandu.gov.np